# विषादी अवशेष द्रुत विश्लेषण कार्यविधि, २०७५

प्रस्तावना: विषादीको अधिकतम प्रयोग र यसबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभावलाई निरुत्साहित गर्ने उद्देश्यले तरकारी, फलफूल लगायतका तत्काल उपभोग गरिने कृषि उपजमा रहने बिषादीको मात्रा शिघ्र बिश्लेषण गर्न तथा नेपालको संबिधान को धारा ४४ मा व्यवस्था भएको मौलिक हक तथा कर्तव्य, खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ ले गरेको व्यबस्था समेतका आधार र मन्त्रालयको "वातावरण मैत्री गाउँ शहर, जमिन, जल र वायुमा शुन्य जहर" नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आर्थिक वर्ष २०७५/७६ को स्वीकृत कार्यक्रममा रहेको विषादी अवशेष नियमन प्रयोगशाला स्थापना र सञ्चालन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकाले मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "विषादी अवशेष द्रुत विश्लेषण कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :बिषय वा प्रसंगले अर्को अर्थ नलागेमाः-

(क) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ख) **"प्रदुशित सामाग्री"** भन्नाले विषादी अवशेष द्रुत विश्लेषणबाट तोकिएको सिमा भन्दा बढी मात्रामा वा रुकावट प्रतिशत विषादी अवशेष भएको भन्ने सम्झनु पर्छ ।

(ग) **"प्रयोगशाला"** भन्नाले विषादी अबशेष द्रुत विश्लेषण प्रयोगशाला सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"रुकावट प्रतिशत "** भन्नाले विषादीको कारणले मानिस वा जनावरमा हुने ईन्जाईम कोलिनस्टरेजको उत्पादन तथा सञ्चालनमा विषादीले गर्दा रोकिने प्रकृया वा रोकिने दरलाई सम्झनु पर्छ ।

(च) **"विरुवा उपज"** भन्नाले वनस्पति जन्य उत्पादन तथा उप उत्पादन जुन उपभोगका लागि योग्य मानिएको भन्ने सम्झनु पर्छ ।

(छ) **"विषादी"** भन्नाले वीउ र विरुवा बन्ने भाग, बिरुवा, रुख, पशुपंक्षी, कृषिजन्य पदार्थ, वन तथा वन पैदावर, जनस्वास्थ्य र निर्माण कार्य एवं मौरी तथा च्याउमा हानी पुर्याउने रोग, कीरा, सुलसुले र अन्य हानिकारक बस्तुहरुलाई आकर्षण वा बिकर्षण गर्ने पदार्थ (attractant/Repellants), फेरोमेन्स (Pheromons), कीरा, सुलसुले र अन्य हानिकारक बस्तुको बृद्धि नियन्त्रण गर्ने पदार्थ (IGS), बनस्पतिको बृद्धि नियन्त्रण गर्ने पदार्थ (PGR),

पातपतिङ्गरु झार्ने पदार्थ (Defoliant), ओसिलोपन कम गर्ने तथा सुकाउने पदार्थ(Desiccant), फलफूलको संख्या पतल्याउने पदार्थ(Thinning Materials) र समय नपुग्दै फलफूल झर्ने समस्या नियन्त्रण गर्ने उद्देश्यले प्रयोग गरिने पदार्थका अतिरिक्त बालि भित्र्याउनु अघि वा भित्र्याइसकेपछि भण्डारण र ओसार पसार गर्ने क्रममा कृषि उत्पादनमा पर्न सक्ने हानीलाई नियन्त्रण गर्न प्रयोग गरिने पदार्थ समेतलाई सम्झनु पर्छ ।

(ज) **"विषादी अवशेष"** भन्नाले वाली विरुवामा विषादी छरिसकेपछि निश्चित समय सम्म सो विषादीको सक्रिय तत्वहरुको वालीमा रहेको मात्रा सम्झनु पर्छ ।

(झ) **"विषादी अवशेष द्रुत बिश्लेषण"** भन्नाले उपभोगका लागि तयार भएका ताजा कृषि उपजमा तोकिएको मापदण्ड अनुसारको विषादीले गर्ने असर वा विषादीको मात्रा शिघ्र पत्ता लगाउने कार्य वा विधि सम्झनु पर्छ ।

(ञ) **"विसर्जन"** भन्नाले परिक्षण गर्दा खान अयोग्य देखिएको कृषि जन्य उत्पादन तथा उप उत्पादनको सुरक्षित तवरले नष्ट गरिने कार्यलाई सम्झनु पर्छ ।

३.<u>उद्देश्यः</u> यस कार्यविधिका देहाय वमोजिमका उद्देश्य रहने छन्:-

(क) उपभोग्य कृषि उपजमा विषादीको अवशेष पत्ता लगाई प्रचलित कानून बमोजिम नियमन गर्ने,

(ख) विषादी अवशेष विश्लेषण कार्यक्रम सहज रुपमा संचालन गर्ने,

(ग) सुरक्षित कृषि उपज उपलव्धताको प्रत्याभूत गराउने,

(घ) खाद्य स्वच्छता र गुणस्तर अभिबृद्धि गर्ने,

(ङ) आम उपभोक्ताहरुको स्वास्थ्यमा अभिवृद्धि गर्दै समग्र वातावारणको सम्वर्द्धन गर्ने ।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

५. **<u>सहजीकरण समितिः</u>** (१) कार्यक्रम संचालनका लागि सहजीकरण समिति देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा -सदस्य

(ग) प्रमुख, सम्बन्धित कृषि ज्ञान केन्द्र -सदस्य

(घ) शाखा प्रमुख, मन्त्रालयको खाद्य प्रविधि शाखा -सदस्य सचिव

(२) सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यन्वयनका निम्ति सरोकारवालाहरु बीच समन्वय गर्ने ।

(ख) कार्यक्रम संचालनमा कुनै समस्या आइ परेमा समाधान गर्ने ।

६. **अनुगमन तथा मूल्याङ्कन**: (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन बिधि

७. **नमूना संकलन बिधि**: कृषि उपजहरुको प्रयोगशाला परिक्षण गर्न नमूना संकलन बिधि देहाय बमोजिम हुनेछः-

(क) बिषादी परिक्षणको लागि अनुसूची-१ अनुसार नमूना संकलन गर्ने ।

(ख) कृषि उपज परिक्षणको लागी नमूना संकलन गर्दा लट (सवारी साधन/ ह्रास /थुप्रो/उत्पादक कृषक/उत्पादन क्षेत्र) बाट सही प्रतिनिधित्व हुने गरी सामग्रीहरु अनुसूची–६ अनुसारको परिमाणमा नमूना लिनु पर्नेछ ।

(ग) परिक्षणको लागि संबन्धित बिक्रेता, ठेकेदार, संकलक, थोक बिक्रेता र कृषकले परिक्षणको लागि आवश्यक परिमाणमा नमूना उपलब्ध गराउनु पर्नेछ ।सो वापत कुनै मुल्य भुक्तानी गरिने छैन ।

८. **प्रयोगशाला**: प्रयोगशाला परिक्षण कार्य देहाय बमोजिम हुनेछ,-

(क) परिक्षण कार्य बढि उत्पादन हुने, बढि आयतनमा कारोबार हुने तथा अघिल्ला परिक्षणबाट प्रदुशित नतिजा प्राप्त सामग्रीहरुलाई प्राथामिकता दिएर नमूना संकलन गरिनेछ । संकलित नमूनाहरु जाँच परिक्षणको मापदण्ड अनुसार परिक्षण गरिनेछ ।

(ख) परिक्षणबाट प्राप्त नतिजालाई रजिष्टर, कम्प्युटर तथा फायलमा अभिलेख राखिनेछ ।

(ग) प्रयोगशालाबाट Spectrophotometer मार्फत अर्गानोफस्फेट (Organophosphate) र कार्वामेट (Carbamate) समुहका रासायनिक किटनाशक (Insecticide) विषादी र ढुसीनासक (Fungicide) विषादीको आवश्कता अनुसार परिक्षण गरिनेछ ।

(घ) प्रयोगशालाबाट DTC test kit बाट Dithiocarbamate ढुसीनासक विषादी र PY Test Kit बाट Pyrathroids समुहका रासायनिक किटनाशक विषादीको आवश्यकता अनुसार परिक्षण गरिने छ ।

(ङ) प्रयोगशालामा उपदफा ८(ग) र ८(घ) भन्दा भिन्न अन्य विषादी अवशेष द्रुत विश्लेषणको लागि कुनै नयाँ प्रविधि उपलब्ध भएमा सहजिकरण समितिको अनुमतिबाट सञ्चालन गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(च) उपदफा ८(ग) र ८(घ) बमोजिम परीक्षण गर्दा अनुसूची-२, अनुसूची-३, र अनुसूची-४ को बुँदा नंबर ३ अनुसारको नतिजा प्राप्त भएमा त्यस्ता कृषिजन्य वस्तुलाई तोकिए बमोजिमको प्रकृया पुरा गरी विसर्जन गर्नु पर्नेछ ।

(छ) परिक्षणबाट प्राप्त नतिजाको प्रतिवेदन यस मन्त्रालयमा मासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ज) संकलित नमूनाहरुको आवश्यकता अनुसार संरक्षण गरी राख्नु पर्ने अवस्थामा आफ्नै प्रयोगशालामा संरक्षण गरी बढिमा सात दिन सम्म राखिनेछ ।

(झ) अनुगमनको रुपमा नाकाहरु, संकलन केन्द्र, तरकारी वजार तथा कृषकहरुको खेतबारी घुम्ती परीक्षण संचालन गर्न सकिने छ ।

(ञ) आवश्यकता अनुसार सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(ट) विषादी अबशेष द्रुत विष्लेषण प्रयोगशालाबाट विषादी विश्लेक्षण परिक्षण गर्दा अनुसूची-२, अनुसूची-३ र अनुसूचि-४ अनुसारको मापदण्ड लागु गरिनेछ ।

(ठ) विषादी अवशेष द्रुत विष्लेषण प्रयोगशालाबाट विषादी विष्लेषण परिक्षणको नतिजा प्रात नहुँदा सम्म नमूना लिइएका कृषि उपजका लटहरुलाई विक्री वितरण गर्नबाट रोक लगाउने व्यवस्था स्थानिय प्रशासनको सहयोगमा गरिनेछ।

(ड) कृषि उपजमा परिक्षण गर्दा खान अयोग्य सुचकको नतिजा प्राप्त भएमा विसर्जन गरी प्रदुषित सामग्रीको आपूर्तिकर्तालाई प्रथम पटक मौखिक रुपमा, दोश्रो पटक लिखित रुपमा सचेत गराइनेछ ।

(ढ) उपदफा ७(ड) बमोजिम लिखित रुपमा सचेत गराउँदा समेत अधिक मात्राको विषादी अवशेषयुक्त नतिजा प्राप्त भएमा उक्त कृषि उत्पादनकर्ता वा संकलक वा थोक व्यापारीलाई बिक्री वितरण गर्न निषेध गरी अभिलेखमा राखिनेछ ।

(ण) परिक्षणबाट अनुसूची-२,३ र ४ अनुसारको मापदण्ड बमोजिम विसर्जन गर्नु पर्ने नतिजा प्राप्त भएको प्रदुषित सामाग्रीलाई अनुसूची-५ अनुसारको मुचुल्का तयार गरी उपयुक्त स्थानमा विसर्जन गरिनेछ ।

## परिच्छेद – ४

## आर्थिक तथा अन्य व्यवस्था

९. <u>प्रयोगशाला पूर्वाधार</u>: प्रयोगशाला स्थापनाको लागि आवश्यक पर्ने मेसिनरी औजार, उपकरण तथा प्रयोगशाला भवन र अन्य पूर्वाधार तथा कार्यक्रम खर्च मन्त्रालयले व्यवस्था गर्नेछ ।

१०. <u>प्रयोगशाला सेवा</u>: प्रयोगशालाबाट परिक्षण सेवा पाँच वर्ष सम्म नि:शुल्क उपलब्ध गराइने छ ।

११. संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१२. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>अनुसूची-१</u>

दफा ७ सँग सम्बन्धित

<u>नमूना लिने ढाँचा</u>

बिषादि द्रुत  विष्लेषण प्रयोगशाला   ................................

जाँचको किसिमः नियिमत/ छडके /अनुगमन

स्थान /वजारको नामः

नमूना नं ...............                    मिति.....................

नमूनाको नामः....................                    जात..................

पसल नं/ ढुवानी साधन नं.........................

पसले/ वितरक/ सवारी चालकको नामः.............................

उत्पादित क्षेत्रः......................................

कृषक/कृषक समुह/संकलन केन्द्रको नामः..................................

ठेगानाः......................................

संकलित नमूनाको लटको परिमाण...................................

..................................                    ..............................................

नमुना दिनेको सहि                    नमुना लिनेको सहि

## अनुसूची-२

### दफा ८ को उपदफा (ट) सँग सम्बन्धित

### विषादी अवशेष द्रुत विश्लेषण परिक्षण नतिजाको मापदण्ड

१. Inhibition %३५प्रतिशत भन्दा कम – उपभोग योग्य हुने ।

२. Inhibition %३५– ४५ प्रतिशत ४– ५ दिन क्वारेन्टिनमा राखि उपभोग योग्य हुने ।

३. Inhibition% ४५ प्रतिशत भन्दा माथि उपभोगको लागि अयोग्य हुने र उक्त कृषि उपजलाइ विसर्जन गर्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-३

### दफा ८ को उपदफा (ट) सँग सम्बन्धित

### PY Test Kit अनुसार परिक्षण गर्दाको नतिजा मापदण्ड

१. परिक्षण गरिएको नमुना Blank नमुनाको रंगसंग दुरुस्त मिल्न गएमा विषादि नभएको (०) ।

२. Blank नमुना भन्दा बढि गाढा निलो रंग (Stronger blue) देखि गाढा वैजनी रंग (Deep purple) आएमा विषादि रहेको तर खान योग्य (+१,+२) ।

३. परिक्षण गरिएको नमुनामा कुनै रंग नदेखिएमा स्वास्थको लागि हानिकारक खानाको लागि अयोग्य (+३) ।

## अनुसूची-४

### दफा ८ को उपदफा (ट) सँग सम्बन्धित

### DTC Test Kit अनुसार परिक्षण गर्दाको नतिजा मापदण्ड

१.परिक्षण गरिएको नमुना Blank नमुना जस्तै कुनै रंग नदेखिएमा परिवर्तन नभएमा विषादि नभएको ।

२. परिक्षण गरिएको नमुनामा Blank नमुनाको तुलनामा गाढा निलो (Stronger blue) देखि गाढा वैजनी (Deep purple) रंगमा परिवर्तन भएमा DTC विषादी सुरक्षित तहमा रहेको (+१,+२) ।

३. परिक्षण गरिएको नमुना खैरो वैजनी (Grayish purple) देखि हरियो (Green) रंग देखा परेमा विषादी अवशेष हानिकारक मात्रामा रहेको (+३) ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश ... हेटौंडा, ...

## अनुसूची-५

## दफा ८ को उपदफा (ण) सँग सम्बन्धित

## मुचुल्का

लिखितम् जिल्ला ..................गा.वि.स........................वडा नं.........स्थायी/स्थीत बसोबास गर्ने वर्ष............ ............................संस्था भएको मिति ............................मा ............................वेचविखनका लागि .........नं को सवारी साधनमा ल्याइ पुर्याइएको/विक्री भइरहेकोमा ................................मा अवस्थीत विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा विषादिको अवशेष विश्लेषण गर्न प्रयोगशालाका कर्मचारी ............................ले तरकारी/फलफूलको नमूना संकलन गरी विषादि अवशेष विश्लेषण गर्दा ४५ प्रतिशत भन्दा बढी इनहीविसन प्रतिशत पाइएकोले बिषादी अवशेष द्रुत विश्लेषण कार्यक्रम कार्यविधि, २०७५ को अनुसुची-२ मा व्यबस्था भए वमोजिम उपभोगका लागी योग्य नभएको हुँदा यो मुचुल्का खडा गरी तपशिल बमोजिमका व्यक्तीहरुको उपस्थीतिमा विसर्जन गरियो ।

तपशिल

१. विसर्जन गरिने कृषि उपजको परिमाण

...............................................

२.उपस्थित

...............................................

...............................................

...............................................

इति संवत् २०......साल.......महिना..............रोज...................शुभम्.।

## अनुसूची-६

### दफा ७ को उपदफा (ख) सँग सम्बन्धित

**Sample quantity of vegetable requirement for laboratory analysis**

| S.N. | Crop | Sample quantity for one sample | | | Sample no | Remark |
|---|---|---|---|---|---|---|
| | | No | | Wt. | | |
| 1 | | | | | | |
| 1.1 | Cauliflower, Cabbage, Broccoli, Chinese cabbage etc. | 2 | Head | not less than 250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 1.2 | Turnip, Radish etc. | 2–6 | Root with or without leaf | not less than 250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 2 | Fruit crop | | | | | |
| 2.1 | Brinjal, Sweet pepper | 4–6 | Fruit | not less than 250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 2.2 | Tomato, Okra ,hot pepper, Garden pea | 6–20 | Fruit | not less than 250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 3 | Cucurbits | | | | | |
| 3.1 | Pumpkin | 1–2* | Fruit | not less than 500g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 3.2 | Squash, Bottle gourd, sponge gourd, Cucumber, Chayote etc. | 2–3 | Fruit | not less than 500g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 3.3 | Bitter gourd, Pointed gourd etc. | 3–8 | Fruit | not less than250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 4 | Leafy vegetable | | | | | |
| 4.1 | Small: Spinach, Garden cress, Amaranth, Mustard etc. | 10–25 | Leaves/Shot/Whole plant with or without root | not less than250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 4.2 | Medium to big : Broad Leaf mustard, Curly mustard, garden lettuce, Spring, onion ,Green garlic, Leafy cucurbits | 5–6 | Leaves/Shot/Whole plant with or without root | not less than250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 5 | beans (yard long bean, Cowpea, broad swan, sword bean etc.) | 15–25 | Whole pod | not less than250g | One sample for less than15 quintal and two samples for more than 15 quintal. | |
| 6 | Potato, Onion | 5–10 | Tuber/blub | not less than250g | | |
| 7 | garlic, ginger , etc. | 5–10 | Blub, rhizome | not less than 250g | | |
| 8 | Drum stick | 5–15 | Pod | not less than 250g | | |
| 9 | Others edible crops and vegetables | | | not less than 250g | | |